नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २०७ २०७७ साल चैत ५ गते बिहीबार (18 Mar. 2021 Thursday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : गैँडा गणनाको तयारी ... ३ पृष्ठमा : मिथिला माध्यमिकडोला ... ३ पृष्ठमा : अमेरिकाको एटलान्टामा ...

## चैत २५ गते पत्रकार महासंघको निर्वाचन

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

नेपाल पत्रकार महासंघको निर्वाचन यही चैत २५ गते हुने भएको छ । चैत ७ गते सबै तहको निर्वाचन कार्यतालिका प्रकाशन हुने महासंघले जनाएको छ ।

महासंघका उपलब्ध सदस्य सम्मिलित केन्द्रीय समितिको बुधबारको बैठकले जिल्ला, प्रदेश, केन्द्र, प्रतिष्ठान र एशोसियट संरचनाको निर्वाचन तीन हप्तापछि एकै दिन गर्ने निर्णय गरेको सचिव प्रकाश थापाले जानकारी दिएका छन् ।

निर्वाचनको मिति तय भएसँगै बुधबारैदेखि पत्रकार कपिल काफ्लेका संयोजकत्वमा गठित निर्वाचन समितिले काम अघि बढाउने जनाइएको छ ।

समितिका सदस्यमा अधिवक्ता अरुण पौडेल, कपिलचन्द्र पोखरेल, कृष्णमाया भुसाल, हरेन्द्र राई र देवेन्द्र झा तथा सदस्य सचिवमा भक्तिराम घिमिरे रहेका छन् ।

महासंघको संशोधित विधानानुसार केन्द्रीय साधारणसभा गत फागुन ४ र ५ गते सम्पन्न भइसकेको छ ।

## देशभर मतदाता नामावली संकलन तथा अद्यावधिक सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

निर्वाचन आयोगले आजदेखी देशभर ७७ जिल्लामै मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य सुरु गरेको छ ।

आयोगले बुधबार सूचना जारी गर्दै तोकिए बमोजिमको प्रमाण लिएर आ-आफ्नो जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा गएर मतदाता नामावालीमा नाम दर्ता गराउन आग्रह गरेको छ ।

मतदाता नामावली विवरणमा रहेको त्रृटीहरु सच्याउनका लागि पनि प्रमाणसहित निवेदन दिन सूचनामा भनिएको छ ।

यसैगरी मतदाताको मृत्यु भएको वा नागरिकता त्याग गरेको, विवाह वा बसाई सरेर गएकाको नामावलीबाट नाम हटाउनको लागि निवेदन प्राप्त भएमा मतदाता नामावली ऐन, ०७३ को दफा १८ को उपदफा (३) बमोजिम अद्यावधिक गर्ने निर्णय भएको छ ।

जसको लागि प्रत्येक महिना जिल्ला निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा सात दिनको समय दिई सूचना टाँस गर्ने व्यवस्था मिलाउन र टाँस भएका सूचनाको विवरणमाथि उजुरी परेमा छानबिन गरी प्रमाण बमोजिम नामावली अद्यावधिक गर्न आयोगले कार्यालयलाई निर्देशन समेत दिएको छ ।

## वैशाख ७ देखि १४ गतेसम्म कोरोना खोपको दोश्रो मात्रा दिइने

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ चैत ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले माघ १४ देखि फागुन १० गतेसम्म कोरोना भाइरस विरुद्धको खोपको पहिलो मात्रा लिएका व्यक्तिलाई वैशाख ७ देखि ११ गतेसम्म दोस्रो मात्रा दिने भएको छ ।

स्वास्थ्य मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टम (आइसिएस)को बैठकले पहिलो प्राथमिकताको पहिलो र दोस्रो चरणमा पहिलो मात्रा खोप लगाएका व्यक्तिलाई दोस्रो मात्रा तीन महिना पछि दिने निर्णय गरेको हो ।

बैठकले दोस्रो प्राथमिकतामा परेका ५५ वर्ष देखि ६४ वर्षसम्मका व्यक्तिहरुलाई पहिलो मात्रा दिनका लागि पछि सूचना जारी गर्ने जनाएको छ।पहिलो प्राथमिकतामा ४ लाख ४९ हजार ८८० जना व्यक्तिले खोप लगाएका थिए ।

हालसम्म खोप लगाउनेको जम्मा संख्या १६ लाख ५ हजार ७०६ जनाले खोप लगाइसकेका छन् । दोस्रो मात्रा लगाइसकेका व्यक्तिलाई खोप कार्ड समेत उपलब्ध गराउने स्वास्थ्य मन्त्रालयले निर्णय गरेको छ ।

## प्रेस चौतारीको भेला १४ गते

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

प्रेस चौतारी नेपाल सप्तरी शाखा पुनगर्ठन र व्यवस्थित गर्न आगामी चैत १४ गते राजविराजमा जिल्ला भेला गर्ने भएको छ ।

प्रेस चौतारीका सप्तरी अध्यक्ष खगेन्द्र कार्कीद्वारा बुधबार जारि विज्ञप्तिमार्फत सो जानकारी दिएको छ ।

बुधबारै चौतारीको सम्पन्न बैठकले आगामी पत्रकार

***बाँकी अन्तिम पृष्ठमा***






## सम्पादकीय

### मुल्य बृद्धिका कारण जनताले ब्यहोर्नु परेको सास्तीप्रति ध्यान पुगोस्

पेट्रोलियम पदार्थको मुल्यमा पुनःबृद्धि भएको छ। एक महिनाको अवधीमा यो तेश्रो पटक मुल्य बृद्धि भएको हो। यसरी मुल्य बृद्धिका कारण निम्न वर्गका जनता सबै भन्दा बढी मारमा परेका छन्। मध्यम वर्गका जनतालाई पनि मुल्य बृद्धिका कारण सास्ती व्यहोर्नु परेको छ।

दैनिकी जिवनका लागि अहिले सबै भन्दा बढी पेट्रोल र डिजलको आवश्यकता रहेकोमा यी दुबैमा मुल्य बृद्धि हुँदा जनता झनै महँगीको मारमा परेका छन्। पटक पटक मुल्य बृद्धिले तलबी कर्मचारीहरु झनै पीडित बनेका छन्। उनीहरुले सीमित तलबबाट आफ्नै दैनिकी चलाउने कार्यतालिका नै पूर्ण रुपले प्रभावित समेत भएको छ। महिनामा एक पटक आउने तलबबाट मासिक रुपमा विभिन्न खर्चका लागि छुट्याइएको रकममा कटौती गर्नु पर्ने हुन्छ। जसकारण उनीहरुको अति आवश्यक काम समेत प्रभावित हुन जान्छ।

आयल निगमले गर्ने गरेको मुल्य बृद्धि जनताको हितमा गर्नु पर्ने हुन्छ। नत उसले आफ्नो हितको लागि। तसर्थ जहिले पनि आयल निगम घाटामै रहने भन्दै मुल्य समायोजन गर्ने आयल निगमको बानी सुधिनु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# गैंडा गणनाको तयारी गरिँदै

चितवन, ४ चैत (रासस)।

यही चैत ९ गतेदेखि शुरु गर्न लागिएको राष्ट्रिय गैँडा गणनाको तयारी तीव्र पारिएको छ। चितवन र पर्सा राष्ट्रिय निकुञ्जको गणना एकैसाथ शुरु गरिँदै छ। पर्सा राष्ट्रिय निकुञ्जमा पर्ने प्रतापपुरबाट गणना शुरु गरिने छ। गणनाको सम्पूर्ण तयारी भने चितवन राष्ट्रिय निकुञ्जमा नै भइरहेको छ। चितवन र पर्सालाई एउटा ब्लक बनाइएको छ। गैँडा रहेका अन्य दुई राष्ट्रिय निकुञ्जमध्ये बर्दियामा चैत १७ गतेदेखि र शुक्लाफाँटामा १९ गतेदेखि गणना शुरु गरिँदै छ। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालका अनुसार हात्ती र गणकहरू छनोटको काम थालिएको छ। गणनामा ४० वटा हात्ती प्रयोग गरिँदै छ। दुई निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका हात्ती गणनामा प्रयोग गरिने छ। कोशीमा दरबन्दी रहेर यहाँ रहेका हात्ती र मध्यवर्ती क्षेत्रमा केही निजी हात्तीलाई पनि गणनामा प्रयोग गरिने छ।

बरालका अनुसार ४० जना मुख्य गणक र वैकल्पिक २० जनालाई गणनामा खटाइँदै छ। यसका अतिरिक्त हात्तीको दरबन्दीमा रहेका कर्मचारी खटिने छन्। गणनामा खटिनेका लागि यही चैत ६ र ७ गते सौराहामा तालिम दिइँदै छ। बरालले भन्नुभयो, "गणनामा ध्यान दिनुपर्ने विषयमा छलफलसँगै तालिम दिइने छ।" गणनाका समयमा आवश्यक पर्ने सामग्री खरिद, फारम छपाइको काम यतिबेला भइरहेको उहाँले जानकारी दिनुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछानेका अनुसार गणनामा खटिने कर्मचारी, हात्ती छनोटसँगै उनीहरूको बासस्थानको व्यवस्थापनलगायतका तयारी भइरहेको छ। निकुञ्जको गणना गर्नुपर्ने क्षेत्रको अध्ययन भइरहेको उहाँले जानकारी दिनुभयो। लामिछानेले भन्नुभयो, "हामी अन्तिम तयारीमा छौँ।" यहाँका दुई निकुञ्जमा गैँडा गणना गर्न २० दिन हाराहारी लाग्ने उहाँले बताउनुभयो।

गैँडा गणना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा हुँदैछ। विभागका दुई कर्मचारी तयारीका लागि यहाँ आइसकेका छन्। विभागका सूचना अधिकारी इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार गणनाको उद्घाटन वन तथा वातावरणमन्त्री प्रेम आलेले गर्ने कार्यक्रम छ। सौराहामा कार्यक्रमको उद्घाटन गरेर प्रतापपुरबाट गणना थाल्ने वा प्रतापपुरमा नै उद्घाटन गर्ने भन्ने विषयको टुङ्गो भने लागिनसकेको उहाँले बताउनुभयो। एक/दुई दिनमा नै विभागको उच्चस्तरको टोलीसमेत गणना तयारीका लागि चितवन आउँदैछ।

आचार्यका अनुसार चैत २९ गतेसम्ममा चारवटै निकुञ्जमा गैँडा गणना सकेर वैशाख पहिलो साता नतिजा सार्वजनिक गर्ने गरी तयारी गरिएको छ। गत वर्ष चैत ११ गतेदेखि गैँडा गणना गर्ने भनिए पनि कोरोना सङ्क्रमणका कारण अन्तिम तयारी भएपछि स्थगन भएको थियो। दुई वर्षअघि गैँडा गणना गर्न लागिएको भए पनि तत्कालीन समयमा दाताको भर पर्दा बजेट अभावमा गणना हुनसकेको थिएन।

सरकारले गत वर्ष गैँडा गणनाका लागि रु एक करोड १० लाख विनियोजन गरेको थियो। आचार्यका अनुसार गत वर्ष केही सामग्री खरिद भएकाले यस वर्ष सरकारले रु ८० लाख विनियोजन गरेको छ। दाताबाट रु २५ लाख हाराहारी सहयोग हुने उहाँले जानकारी दिनुभयो। राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जेडएसएल नेपाललगायतका सङ्घसंस्थाको सहयोगमा गैँडा गणना गरिँदै छ।

हरेक पाँच वर्षमा गैँडा गणना गर्ने गरिन्छ। यसअघि सन् २०१५ मा गैँडा गणना गरिएको थियो। निकुञ्जलाई विभिन्न ब्लक बनाएर प्राविधिकले एक-एक गरी गैँडा गन्नेछन्। गणनाका लागि हात्ती, दुरबिन, क्यामेरालगायत प्रयोग गरिन्छ। गैँडाको सङ्ख्या, प्रजनन अवस्था, विचरण र आहाराको अवस्था थाहा पाउन हरेक पाँच-पाँच वर्षमा गैँडा गणना गरिँदै आएको थियो। गणनापछि यसको अवस्था हेरेर व्यवस्थापनको काम गरिने छ।

निकुञ्जका सूचना अधिकारी लोकेन्द्र अधिकारीका अनुसार पछिल्लोपटक सन् २०१५ को गणनामा नेपालमा कूल ६४५ गैँडा थिए। तथ्याङ्कअनुसार चितवनमा ६०५, बर्दियामा २९, शुक्लाफाँटामा आठ र पर्सामा तीन गैँडा भेटिएका थिए। नेपालमा सन् १९५० मा ८००, १९५५ मा ४००, १९६० मा ३००, १९६५ मा १००, १९७० मा १०८, १९७५ मा १४७, १९८० मा ३१०, १९८५ मा ३१०, १९९० मा ३५८, १९९५ मा ४६६ रहेको विभागको तथ्याङ्कमा उल्लेख छ। यसैगरी सन् २००० मा ६१२, २००५ मा ४०९, २०१० मा ४३५ हुँदै पछिल्लो गणना सन् २०१५ मा ६४५ पुगेको अधिकारीले बताउनुभयो।

# लागुऔषध भित्रिने क्रम वृद्धि

काठमाडौँ, ४ चैत (रासस)।

काठमाडौँमा पछिल्लो समयमा लागुऔषध भित्रिने क्रम बढेको पाइएको छ। प्रहरीले केही व्यक्तिलाई लागुऔषधसहित पक्राउ गरेर अनुसन्धान गरिरहेको छ। पछिल्लो तीन घटनालाई हेर्ने हो भने पनि प्रहरीले झण्डै ६ हजार एम्पुल लागुऔषधसहित चार अभियुक्तलाई पक्राउ गरेको छ।

महानगरीय प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत मुलुकमा पछिल्लो समयमा राजनीतिक आन्दोलनलगायत घटनाक्रम नभएकाले प्रहरीले आपराधिक क्रियाकलाप नियन्त्रणमा सक्रिय हुन पाउँदा यसमा उपलब्धि हासिल भइरहेको बताउनुहुन्छ। उहाँका अनुसार अन्य आपराधिक गतिविधि चोरीठगी गर्ने व्यक्तिसमेत धमाधम पक्राउ परिरहेको जानकारी दिनुभयो। प्रहरीले लागुऔषध कारोबारी सक्रिय भएको आशङ्कामा नाका र सम्भावित जोखिम क्षेत्र पहिचान गरी सुरक्षा सतर्कतासमेत बढाएको जनाएको छ।

प्रहरीले काठमाडौँको नाका नागढुङ्गाबाट ठूलो परिमाणमा लागुऔषधसहित १३ वर्षका बालकलाई पक्राउ गरेको थियो। फागुन अन्तिम साता रौतहटबाट काठमाडौँ आउँदै गरेको ना८ख ११०४ नंको बसमा सवार उनको झोलाबाट एक हजार ९०० एम्पुल लागुऔषध भेटिएको थियो। उनको झोलामा डाइजेपान ७०० एम्पुल, फेनारगन ६०० एम्पुल र नोफिन ६०० एम्पुल बरामद गरिएको थियो। यसरी लागुऔषध उनले आफैँले ल्याएको नभई उनलाई कसैले प्रयोग गरेको हुन सक्ने प्रहरीले जनाएको छ। यद्यपि उनको विषयमा प्रहरीले अनुसन्धान जारी राखेको छ।

यही चैत २ गते काठमाडौँ महानगरपालिका-४ स्युचाटारबाट सोलुखुम्बु आङ्गु शेर्पा पनि दुई हजार ३७५ एम्पुल लागुऔषधसहित पक्राउ परेका छन्। विशेष सूचनाका आधारमा उनलाई फेला पारी कोठा खानतलासी गर्दा उनका साथबाट डाइजेपाम ८११ एम्पुल, फेनारगन ७८४ एम्पुल, नुरफिन ६०० एम्पुल १७९, लुपुजेपाम १७९ एम्पुल र नाइटेजेपाम एक हजार २०० एम्पुल बरामद गरेको छ।

यही चैत ३ गते पनि भारत मोतिहारीका सुवासकुमार यादव र पप्पु यादवबाट प्रहरीले एक हजार ४९० एम्पुल लागुऔषध बरामद गरेको छ। उनीहरू पनि अनुसन्धानको दायरमा छन्। पछिल्लो समयमा ठूलो परिमाणको लागुऔषधसहित मानिस पक्राउ परिरहेका छन्। यी त प्रतिनिधि घटना मात्र हुन्। उक्त घटनाले काठमाडौँको उपत्यकामा लागुऔषध भित्रिने मात्रा बढेको देखिएको छ।

प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवर प्रहरीले सक्रियता देखाएकाले विभिन्न आपराधिक क्रियाकलापमा संलग्न व्यक्ति पक्राउ पर्न थालेको बताउनुहुन्छ। यसअघि कोभिडका कारण प्रहरीले पनि सक्रियतापूर्वक काम गर्न नसकिरहेका बेला कोभिड सङ्क्रमण नियन्त्रणतर्फ गएकाले प्रहरीले अन्य आपराधिक क्रियाकलाप नियन्त्रणमा केन्द्रित हुन थालेको छ।

# कांग्रेसद्वारा प्रतिनिधिसभामा तीन प्रस्ताव दर्ता

काठमाडौँ, ४ चैत (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रतिनिधिसभामा तीन प्रस्ताव दर्ता गराएको छ। कांग्रेस सांसदले मंगलबार सङ्घीय संसद् सचिवालयमा दुई जरुरी सार्वजनिक महत्वका र एक सङ्कल्प प्रस्ताव दर्ता गराउनुभएको हो।

महिला तथा बालबालिकामाथि भएका हिंसा न्यूनीकरण गर्न जरुरी सार्वजनिक महत्वका विषयमा गृहमन्त्रीको ध्यानाकर्षण गराउन प्रस्ताव दर्ता गराइएको छ। सरकारलाई महिलामाथिको हिंसा सम्बोधन गर्न न्यूनीकरण गर्न सदनले सरकारलाई मार्गनिर्देशन गर्न अपरिहार्य भएको जनाउँदै ध्यानाकर्षण प्रस्ताव पेश गरिएको हो। गृह मन्त्रालयसँग सम्बन्धित उक्त प्रस्ताव कांग्रेस सांसद डा डिला सङ्ग्रौला, लक्ष्मी परियार र प्रमिला राईले दर्ता गराउनुभएको हो।

यसैगरी कोभिड-१९ ले वैदेशिक रोजगारीमा पारेको प्रभाव सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित जरुरी सार्वजनिक महत्वको अर्को विषयमाथि छलफल गर्न पनि सूचना दर्ता गरिएको छ। सो प्रस्तावमा कोभिड-१९ बाट सिर्जित समस्याले वैदेशिक रोजगारीमा कतिले ज्यान र रोजगारी गुमाए तथा कति स्वदेश फर्किए भन्ने विस्तृत तथ्याङ्क सरकारसँग माग गर्न छलफल गर्नुपर्ने कारण देखाइएको छ।

यसैगरी कोभिड-१९ बाट मृत्यु भएकाका परिवार तथा रोजगारी गुमाएका व्यक्तिलाई सरकारका तर्फबाट केकस्तो राहत र सहयोग भएको भन्ने जानकारी माग गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सरकारको योजना के छ भन्नेलगायत विषयमा छलफल गर्नुपर्ने प्रस्तावमा माग गरिएको छ। उक्त प्रस्ताव कांग्रेसबाट निर्वाचित सांसद डा सङ्ग्रौला, देवप्रसाद तिमिल्सिना र रङ्गमती शाहीले दर्ता गराउनुभएको हो।

यसैगरी कांग्रेसकै सांसद डा संग्रौला, हीरा गुरुङ र नमिताकुमारी चौधरीले महिला हिंसा नियन्त्रणका लागि विभिन्न व्यवस्था गर्नुपर्ने माग गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित सङ्कल्प पेश गर्ने अनुमतिका लागि सूचना दिनुभएको छ।

प्रस्तावमा हिंसापीडितलाई सेवा दिनका लागि सहायता कक्ष स्थापना गर्न, पीडितमाथि कुनै किसिमको दवाव वा यातना नदिनका लागि कम्तीमा एकपटक पीडितका घरमा प्रहरीलाई निरीक्षण गर्न लगाउन, पीडितलाई संरक्षण गर्न घुम्ती मोबाइल टोलीको व्यवस्था प्रभावकारी बनाउन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रहरीसमेतको समन्वयमा पीडितलाई घाउ जाँच र स्वास्थ्योपचारको व्यवस्था गर्न माग गरिएको छ।

# मिथिला माध्यमिक डोला को बढ्दो धार्मिक महिमा

जनकपुर, ४ चैत (रासस) ।

धार्मिक, सांस्कृतिक र एतिहासिक पहिचान बोकेको 'मिथिला माध्यमिक डोला' परिक्रमामा श्रद्धालुको व्यापक सहभागिताले यसको धार्मिक महत्वलाई अझ बढाएको प्रष्ट हुन्छ । नेपाल-भारतको सांस्कृतिक र धार्मिक सम्बन्धलाई अझ सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको यस मिथिला माध्यमिक डोला परिक्रममा दुवै मुलुकका साधुसन्तहरू पनि सहभागी भएका छन् ।

गत शनिबार अर्थात फागुनको औंशी तिथिमा धनुषाको ठेराकचुरीस्थित मन्दिरबाट विधिवत् रूपमा शुरु भएको यो धार्मिक यात्रा फागुन पूर्णिमाको दिन जनकपुरको अन्तरगृह पञ्चकोशीको परिक्रमा गरी विधिवत् सम्पन्न हुनेछ । कचुरीमठबाट मिथिला बिहारी अर्थात् भगवान राम र जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात माता सीताको डोला गरी प्रमुख डोलाको नेतृत्वमा विभिन्न मठमन्दिरबाट निस्केका डोला सहभागी भएर विधिवत् रूपमा शुरु भएको थियो ।

मिथिला महात्म्यअनुसार १८औं शताब्दिदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा विधिवत् रूपमा शुरु भएको हो । रत्नसागरका मठका महन्थ स्व नारायण दासले परिक्रमाको शुभारम्भ गर्नुभएको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले जानकारी दिनुभयो ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारवटै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ । यस परिक्रमाअन्तर्गत धनुषा र महोत्तरी जिल्लाको १३ र भारत विहारको दुई गरी १५ वटा एतिहासिक धार्मिकस्थलमा पुग्ने विश्राम गर्छन् । सो अवधिमा डोलाले नेपालको १०७ किलोमिटर र भारत विहारको २६ किलोमिटर गरी १३३ किलोमिटरको दूरी गर्छ ।

सो माध्यमिकी परिक्रमाका सहभागीले क्रमशः धनुषाको हनुमानगढी, भारतको मधुवनी जिल्लामा पर्ने कल्याणेश्वर र गिरिजास्थान र महोत्तरीको मटिहानी गरी पहिलो, दोस्रो, तेस्रो र चौंथो दिन दिनको रात्रि विश्राम गरिसकेका छन् ।

डोलासँग बाजागाजाका साथ भजनकीतन गर्दै हजारौंको सङ्ख्यामा साधु सन्त, महिला र पुरुष, युवा परिक्रमा सहभागी भएका छन् । लगातार १५ दिनसम्म डोलासँग परिक्रमामा सहभागीले नियम निष्ठालाई पालना गर्ने गर्छन् । डोला परिक्रमाको मार्गमा सहभागी भएका श्रद्धालु भक्तजनका लागि स्थानमा स्थानीय पानीका साथै भोजनको समेत व्यवस्था गरेको हुन्छ । कुनै प्रकारको कठिनाइ नहोस् भन्ने भावनाका साथ स्थानीयवासी सचेत भएर सेवामा समर्पित रहन्छन् ।

परिक्रमा अवधिमा विश्रामस्थलको विशेष धार्मिक महत्व रहेको छ । सो क्रममा पहिलो दिन जनकपुरको हनुमानगर पुगेर विश्राम गरी डोला दोस्रो दिन विहारको कलनास्थित कल्याणेश्वर मन्दिर र तेस्रो दिन डोला विहारको फूलहरस्थित गिरिजास्थानमा पुगेर विश्राम गर्छ । गिरिजा मन्दिर अर्थात पार्वतीको मन्दिर भएको कारणले सो स्थानलाई गिरिजा स्थान भनिएको हो ।

माता सीता प्रत्येक दिन सो मन्दिरमा पुगेर पार्वतीको पुजा गर्नुहुन्थ्यो भन्ने धार्मिक विश्वास रहेको छ । धनुष यज्ञको समयमा भगवान राम जनकपुर आउनु भएपछि सोही स्थानमा सीतासँग पहिलो भेटघाट भएको रामायणमा उल्लेख गरिएको छ । त्यहाँबाट डोला प्रस्थान गरेपछि परिक्रमाको क्रममा चौथो दिन महोत्तरी जिल्लाको मटिहानी पुग्छ ।

ग्रामीण क्षेत्रको रूपमा रहेको मटिहानीमा लक्ष्मीनारायणको ऐतिहासिक मन्दिरका साथै एक दर्जन मन्दिर र पोखरी छन् । मटिहानीबाट डोला पाँचौं दिन महोत्तरीको सदरमुकाम जलेश्वर पुगेपछि जलेश्वरनाथ महादेवको श्रद्धालु दर्शन गर्छन् । सो जलेश्वरनाथको शिवलिङ्ग सधैँ जलमै डुबेको हुन्छ ।

छैठौं दिन डोला मडई पुऱ्याइन्छ । मुनेश्वरनाथ महादेवको नामले परिचित सो मडइमा महादेवको मन्दिर र पोखरी छन् । यसैगरी सातौं दिन डोला ध्रुवकुण्डमा पुग्याइनछ । त्यहाँ ध्रुवमन्दिर छ । आठौं दिन कञ्चनवनमा डोला पुग्छन् । त्यहाँ सीतारामको मन्दिर छ ।

यस्तै नवौं दिनमा हरिहरपुरस्थित क्षीरेश्वरनाथ महादेवको पूजापाठ गरेपछि डोला पर्वता पुग्छन् । सो स्थानमा हनुमानजीको विशाल मन्दिर छ । नवौं दिनको विश्राम पर्वतामा गरेपछि १० औँ दिनमा डोलासहितको श्रद्धालु एतिहासिकस्थल धनुषाधाम पुग्छन् । सीता स्वयंवरको समयमा भगवानले तोड्नु भएको शिवधनुषको एक टुक्रा सो स्थानमा खसेको विश्वास गरिन्छ ।

एघारौँ दिनमा डोला सतोषरस्थित राममन्दिर पुग्छन् भने १२औँ दिन डोला औंरही पुग्छन् । धनुषाको वैदेहीनजिक रहेको औंरहीमा डोलासँग सहभागी श्रद्धालु, भक्तजन कमला नदीमा स्नान गरी रामजानकी मन्दिरमा दर्शन गर्छन् । तेह्रौँ दिन विहारको विसौंल र चौंधो दिन करुणा भन्ने स्थलमा आइपुग्छन् ।

परिक्रमाको अन्तिम दिन १५ औँ दिनमा जनकपुरको अन्तरगृह परिक्रमा गरेपछि विधिवत् रूपमा परिक्रमा सम्पन्न हुन्छ । त्यसको भोलिपल्ट उल्लासमय वातावरणमा होली पर्व मनाइन्छ ।

# वाग्मती सिँचाइ बृहत् आयोजनामा परिणत हुँदै : धनुषा र महोत्तरीमा सिँचाइ पुऱ्याइने

वाग्मती, ४ चैत (रासस) ।

किसानको खेतमा सिँचाइ सुविधा पुऱ्याउनका लागि स्थापना भएको २७ वर्षपछि वाग्मती सिँचाइ आयोजनाको कामलाई बृहत् आयोजनाका रूपमा विकसित गर्ने प्रक्रिया शुरु भएको छ । साथै, रौतहट र सर्लाहीमा खेती सिँचाइको कार्य गर्दै आएको सो आयोजनाले धनुषा र महोत्तरी जिल्लामा समेत थप सिँचाइ गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

वाग्मती सिँचाइ आयोजना विस्तारको ढाँचामा गएको उल्लेख गर्दै आयोजना प्रमुख मित्र बरालले भन्नुभयो, "धनुषा र महोत्तरी जिल्लामा सिँचाइको पूर्वाधार निर्माण गर्नका लागि डिपिआर तयारीको चरणमा रहेको छ ।" साथै सिन्धुलीको फुर्कोटमा सुनकोशी नदीमा १३.१ किमी बाँध बनाएर टनेलमार्फत मरिन नदी हुँदै वाग्मती नदीमा पानी थप्ने गरी काम भइरहेको छ । सो काम पूरा गर्नका लागि दुई वर्ष लाग्ने आयोजनाका वरिष्ठ इन्जिनीयर कलामुद्दिन अंसारीले जानकारी दिनुभयो । त्यसको हालै प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गर्नुभएको थियो ।

विसं २०५० मा अर्थात् २७ वर्षअगाडि रौतहट र सर्लाही जिल्लामा किसानको खेत सिञ्चित गर्न र अन्नबालीको उत्पादकत्व बढाउनका लागि निर्माण गरिएको सो आयोजना सरकारको लक्ष्यअनुसार सञ्चालनमा रहेको छैन । सो आयोजना वर्षैपिच्छे टालटुल र मर्मतसम्भारमा केन्द्रित रहेको बताइएको छ । वाग्मती नदीमा पानी बहावमा कमी आएपछि आयोजनाको नहरमा पानी सञ्चालन पनि घट्दै गएको किसानको गुनासो रहेको छ ।

नेपाल सरकारको सो दुवै जिल्लामा एक लाख २२ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहे पनि ४५ हजार ६०० हेक्टर जमीनमा मात्र सिँचाइ भइरहेको आयोजनाले जनाएको छ । आयोजनाको निर्माणदेखि हालसम्म ३७ प्रतिशतमात्र सिँचाइ सुविधा पुग्दै आएको छ । २०४५ सालदेखि निर्माण शुरु भई २०५० सालमा निर्माण सम्पन्न भएको सो आयोजना कार्यान्वयनमा आए पनि वाग्मती नदीमा पानीको कमी र बाढीले नहरका संरचनाहरू क्षतिग्रस्त भएकाले सिँचाइमा समस्या आएको जानकारी दिँदै प्रमुख बरालले विगतको तुलनामा सिँचाइको काम भइरहेको छ बताउनुभयो ।

सिँचाइको आवश्यकता पूरा गर्नका लागि वाग्मती नदीको ब्यारेजमाथि उच्च बाँध ( हाइडचाम) बनाउने कुरा थियो तर त्यहाँ बस्ती निर्माण र मदन भण्डारी राजमार्ग माथिल्लो क्षेत्रबाट गएकाले उच्च बाँध निर्माण हुन सकेन । यसको फलस्वरुप नियमित सिँचाइमा मात्र सीमित रहेको त्यहाँका प्राविधिकहरूको भनाइ रहेको छ । कूल लम्बाइ ४९ किमी रहेको सो आयोजनाको मूल नहरको पूर्वतर्फ २१ किमी र पश्चिमतर्फ २८ किमी लम्बाइ रहेको छ । उपनहर, नहरी तथा अन्य भौतिक पूर्वाधारहरूसमेत रहेको छ । आयोजना सञ्चालनका लागि पूर्वमा तीन र पश्चिममा तीन गरी छवटा शाखा छन् ।

आयोजनाको कामलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्षमा ८० वटा बोलपत्र भएको आयोजनाले जनाएको छ । हाल त्यहाँ नहरको संरचना निर्माण, मर्मतसम्भार र ब्यारेज मर्मत र नहर सफाइको काम भइरहेको छ । चालु आवमा आयोजनाको हालसम्मको आर्थिक प्रगति ३० र भौतिक प्रगति ४० प्रतिशत भएको आयोजना प्रमुख बरालले जानकारी दिनुभयो । आयोजनाको प्रमुखमा बराल आएपछि सिँचाइको काममा थप सुधार र प्रगति भएको जल उपभोक्ताको भनाइ रहेको पाइएको छ ।

# विप्रेषण आप्रवाहमा ११ प्रतिशतको वृद्धि, रोजगारीमा जाने घटे

काठमाडौँ, ४ चैत (रासस) ।

कोरोनालगायतका कारणले वैदेशिक रोजगारीमा जाने नेपाली युवाको सङ्ख्यामा कमी आएको भए पनि विप्रेषण आप्रवाह भने ११ प्रतिशतले बढेको पाइएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको विवरणअनुसार चालू आवको सात महिनामा कूल रु पाँच खर्ब ६७ अर्ब ७० करोड बराबरको विप्रेषण भित्रिएको छ ।

बैंकका अनुसार विप्रेषण आप्रवाहमा १०.९ प्रतिशतले वृद्धि भएको पाइएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.७ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ६.७ प्रतिशतले वृद्धि भई रु चार अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ०.५ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या ७५.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१.७ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा ६७.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ०.६ प्रतिशतले घटेको थियो ।

## विश्व समाचार

# अमेरिकाको एटलान्टामा गोली चल्यो, आठजनाको मृत्यु

एटलान्टा, ४ चैत (रासस-एएफपी) ।

अमेरिकको जोर्जिया राज्यका विभिन्न तीनवटा मसाज केन्द्रमा भएका आक्रमणमा कम्तीमा आठजनाको ज्यान गएको छ । प्रहरीका अनुसार मारिनेहरुमा धेरैजसो एसियाली मूलका महिलाहरु रहेका छन् । प्रहरीले तीनवटा मसाज केन्द्रमा भएको आक्रमणमा संलग्न रहेको आशङ्कामा एक २१ वर्षीय श्वेत जातिका पुरुषलाई पक्राउ गरेको छ । जोर्जिया राज्यमा केही समयदेखि एसियाली मूलका अमेरिकी नागरिक र उनीहरुले सञ्चालन गरेका व्यवसायमाथि शृङ्खलाबद्ध आक्रमण हुन थालेका छन् ।

चारजनाको जोर्जियाको राजधानी एटलान्टाको बाहिरी इलाका आर्कवर्थ नजीक योङ एसियन मसाजमा हत्या भएको प्रहरीले जनाएको छ । उक्त घटनामा मारिएकाहरुमा दुई एसियाली महिला, एक श्वेत महिला र एक श्वेत पुरुष रहेका छन् भने एकजना हिस्पानिक समुदायका व्यक्ति घाइते भएका छन् । एटलान्टा प्रहरी विभागले उत्तरपूर्वी एटलान्टाका दुईवटा व्यवसाय-गोल्ड मसाज स्पा र अरोमा थेरापी स्पामा आक्रमण भएको र त्यहाँ चारजना महिलाको हत्या भएको जनाएको छ । प्रहरीले मारिने चारैजना एसियाली मूलका महिलाहरु भएको बताएको छ । प्रहरीले उक्त तीनवटै आक्रमणमा रोबर्ट आरोन लोङ संलग्न रहेको आशङ्का गरेको छ । एटलान्टा प्रहरी प्रवक्ता सर्जेन्ट जोन चाफले प्राप्त प्रमाणहरुले उक्त तीनवटै आक्रमणमा चिरोकी काउन्टी निवासी रोबर्ट आरोन मुख्य आशङ्कित व्यक्ति रहेको भेटिएको बताउनुभयो । उहाँले पक्राउ परेका व्यक्ति हाल प्रहरी हिरासतमा रहेको जानकारी दिनुभयो । प्रहरीले आरोनलाई एटलान्टाबाट करीब २४० किलोमिटर टाढाबाट गिरफ्तार गरेको थियो । मृत्यु भएका सबैलाई गोली लागेको प्रहरीको भनाइ छ । अमेरिकी सङ्घीय जाँच ब्यूरोले पनि उक्त घटनामा स्थानीय प्रहरीलाई अनुसन्धानका लागि सहयोग गरिरहेको प्रहरीले जनाएको छ ।

जोर्जियामा करीब पाँच लाख एसियाली मूलका व्यक्तिहरु बसोबास गर्दछन् अर्थात् यहाँको कूल जनसङ्ख्याको करिब चार प्रतिशत एसियाली मूलका छन् । जोर्जियाको डेमोक्रेटिक पार्टीले मङ्गलबारको उक्त गोलीकाण्ड निकै भयानक र त्रासदीपूर्ण रहेको बताएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले गत बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै एसियाली अमेरिकीमाथि भइरहेका तिरस्कारयुक्त घृणित अपराध अमेरिकाका लागि लज्जाको विषय रहेको भन्दै कडा शब्दमा निन्दा गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, "यो गलत छ । यो गैरअमेरिकी कदम हो । यसलाई रोक्नै पर्दछ ।"

# भारतमा यसवर्ष शुरु भएयता कै सवभन्दा बढी कोरोना संक्रमण

नयाँ दिल्ली, ४ चैत (रासस/सिन्ह्वा) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा २८ हजार ९०३ जना सङ्क्रमित भएका हुन् । यसअघि एक दिनमा सङ्क्रमितको सङ्ख्या आधा कम भइरहेका बेला अहिले फेरि बढ्दै जान थालेको हो । गत २४ घण्टाको कोरोना संक्रमितको यो संख्या यस वर्ष शुरु भएयताको नै सब भन्दा बढी हो । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १४ लाख ३८ हजार ७२४ पुगेको सो मन्त्रालयले जनाइएको छ । कुल सङ्क्रमितमध्ये दुई लाख ३४ हजार ४०६ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने कुल एक करोड १० लाख ४५ हजार २८४ जना सङ्क्रमणमुक्त भएका छन् ।

गत २४ घण्टामा कोरोना संक्रमणबाट १८८ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको संख्या एक लाख ५९ हजार ४४ पुगेको बुधबार जनाइएको छ । भारतमा जनवरीबाट कोरोना विरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म तीन करोड ५० लाख भन्दा बढीले खोप लगाइसकेका छन् । त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषदले जनाएको छ । परिषद्का अनुसार मङ्गलबारसम्म भारतमा २२ करोड ९२ लाख ४९ हजार ७८४ जनाको कोरोना परीक्षण गरिएको छ । मङ्गलबार एकै दिनमा नौ लाख ६९ हजार २१ जनाको कोरोना परीक्षण गरिएको छ ।

# बसमा बम विस्फोट पाँच महिला र एक बालकको मृत्यु

काबुल, ४ चैत (रासस/एएफपी) ।

अफगानिस्तानको राजधानी काबुलमा सरकारी कर्मचारीहरु चढेको एक बस सडकमा राखिएको बमसँग ठोक्किँदा पाँच महिला र एक बालकको मृत्यु भएको सरकारी अधिकारीहरुले मंगलबार जानकारी दिएका छन् । गत सोमबार साँझको व्यस्त समयमा काबुल भएको यस बम विस्फोटमा परी दुर्भाग्यवस पाँच महिला एक बालक मारिनुको साथै अन्य अन्य १७ घाइते भएका मन्त्रालयका प्रवक्ता नसरतुल्लाह नसेरीले एएफपीलाई बताउनु भएको छ । यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मा लिएको छैन् । यद्यपी यस बम आक्रमणको तालिबान लडाकू समूहले पनि कुनै टिप्पणी गरेका छैनन् । यसैगरी मंगलबार उत्तरी अफगानिस्तानको बघलान युनिभर्सिटीका विद्यार्थी र शिक्षक बोक्ने एक बसमा भारी हतियारसहित बन्दुकधारीहरुले आक्रमण गरेका थिए ।

यस आक्रमणमा परी एक विद्यार्थी र चालक मारिनुको साथै अन्य छ जना शिक्षक घाइते भएका बघलान विश्वविद्यालयका डीन अब्दुल कादिर महानले एएफपीलाई बताउनु भएको छ । गत आइतबार राजधानी काबुलमा भएको दुईवटा बम विस्फोनमा तीन जना सर्वसाधारणको मृत्यु हुनको साथै एक दर्जन भन्दा बढी घाइते भएका प्रहरीले जनाएको छ ।

अफगानिस्तान सरकार र तालिबानबीच शान्ति वार्ताको बावजुद पनि पत्रकार, कार्यकर्ता र सरकारी कर्मचारीहरू विरुद्धको हत्या जारी रहेको बताइएको छ । हालका केही महिना यता अफगानिस्तानमा हिंसा बढेको छ । अफगानिस्तानका सर्वसाधारणलाई जानाजानी लक्षित गरी हमला गर्ने डरलाग्दो सङ्ख्याका गत साता संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले कडा शब्दमा निन्दा गरेको छ ।

# एसपिएलका लागि अक्सनबाट खेलाडी छनौट सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

सप्तरी क्रिकेट संघको आयोजनामा हुन गईरहेको सप्तरी प्रिमियर लिग मेयर कप (एसपियल) प्रतियोगिताका लागी अक्सनबाट खेलाडीहरू छनौट गरिएको छ ।

बुधवार राजबिराजमा सप्तरी क्रिकेट संघद्वारा आयोजित अक्सन (खेलाडी खरिद बिक्री) बाट टिमका ब्यबस्थापकहरूले १५/१५ राष्ट्रिय तथा स्थानिय क्रिकेटर खेलाडीहरू सम्मिलित टिम चयन गरेको छ ।

चैत ८ गतेदेखि राजबिराजस्थि राजरंगशालामा हुन गईरहेको मेयर कप प्रतियोगितामा रुपनी राइडर्स, तिलाठी कोइलाडी, बजाज खडक वारियर्स, टिभिएस किंगस राजबिराज र बोदेबरसाईन थन्डर्स टिमले सहभागिता जनाइरहेका छन् ।




सो अक्सनबाट टिमका खेलाडीहरूमा तिलाठी कोईलाडीमा नेपाल क्रिकेट टोलीका उपकप्तान दिपेनसिँह ऐरी, नेपाली क्रिकेट टोली सिनियर टिमका सदस्य राशिद खान, पुर्व यु १६ नेपाली टोलीका सदस्य रोहन बिक, नेपाल पुलिस टिमका चित्र बहादुर बिष्ट, दिपेश कडेल, संतोष कार्की सहित स्थानिय खेलाडी दिपेश सरदार, साकेत सिँह, युवराज मण्डल, अमित मण्डल, मनिष, मण्डल, आशिष झा, नितेश यादब, आदिल अंसारी, अजय मरिक छनौटमा परेका छन् ।

त्यस्तै बोदेबरसाईन थन्डरस टोलीमा नेपाली क्रिकेट टोलीका सदस्य वसन्त रेग्मी, पुर्व टोली सदस्य सिधान्त लोहनी, पुलिस टिमका योगेन्द्र कार्की, अभिनाष कर्ण, विशाल सुश्लिँग, नारायण जोशी, स्थानिय राहुल मण्डल, पपु यादब, बिकास दास, राजिव यादव, आकाश यादब, अमन यादब, मोहम्मद सकिम, अहसन जमाल, विशाल यादब रहेका छन् ।

रूपनी राईडर्समा राष्ट्रिय खेलाडी कुशल भुर्देल, सुनिल धमला, लोकेश बम, फिर्दोस अंसारी, सुमित झा, अमित यादब, अनुज यादब, अनिल यादब, रेबती यादब, निरज मुखिया, भोला साह, प्रभु नारायण यादब, बिकी चौधरी, असोक मेहता, बालकृष्ण यादब परेका छन ।

त्यसैगरि बजाज खडक वारियर्सतर्फ राष्ट्रिय खेलाडी पवन सराफ, बिवेक यादब, मुकुन्द यादब, अनिल खरेल, नेपाल पुलिस गुलसन झा, स्थानियमा पपु यादब, राज बर्मा, अभिषेक कार्की, गोमानन्द अमात्य, निरज यादब, प्रशान्त राय, अनिल साह, नवीन मण्डल, अजय यादब र भिम यादब समावेश भएका छन् ।

त्यस्तै टिभिएस किंग राजबिराजको टोलीमा किर्तिमानी खेलाडी महबुव आलम, नेपाल क्रिकेट टोलीका सदस्य मोहम्मद आशिफ शेख, सोनु तमाङ, सोनु अंसारी, रूपेश सिँह, कमल खत्री, रोहित सिँह, रोबिन सिँह, एकवाल हुसेन, प्रशान्त सिँह, सुर्दशन सिँह, बिवेक यादब, अमल दास, प्रशान्त साह, संजित साहलाई छनोट गरिएको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले जानकारी दिएका छन् ।

उक्त अक्सनमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, नेपाल क्रिकेट संघका पुर्व उपाध्यक्ष तथा राजबिराज नगरपालिका पुर्व मेयर शैलेश चौधरी, प्रदेश क्रिकेट संघका सचिव तथा सप्तरी अध्यक्ष आयुष श्रेष्ठ, उपाध्यक्ष धर्मेन्द्र चौधरी, सचिव चन्दनकुमार यादब, कोषाध्यक्ष तुलानाथ माझी, पुर्व राष्ट्रिय खेलाडी पवन दास, अम्पायर संघका अध्यक्ष निरज सिंह, क्रिकेट संघका सदस्य रोशन मण्डल, जगरनाथ साह, मनोज साह, डम्वर नारायण दास, अफिसिल उज्जवल यादब, राहुल सिंह लगायतको उपस्थिति रहेको थियो ।

## प्रेस चौतारीको ...

महासंघको निर्वाचनका लागि सबै संगठन र समूहबीच तालेमल भएर एउटै समूह बनाउन निर्णय समेत गरेको जनाइएको छ ।

महासंघलाई साझा स्वरुप दिनका लागि सहमतिय प्रणालीबाटै अगाडी बढ्न सुझाव दिदै यसका लागि विभिन्न संगठनको नेतृत्व वर्ग र अग्रज पत्रकारहरुलाई पहलका लागि अनुरोध समेत गरिएको छ ।

जारि विज्ञप्तिमा प्रेस चौतारी क्रियाशील र सञ्चालनमा आएको जनाउँदै चौतारीमा आबद्ध अग्रज, सहकर्मी साथीहरुलाई संगठित हुन आग्रह समेत गरिएको छ ।

# पेट्रोलियम पदार्थको मूल्य पुनःवृद्धि

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

नेपाल आयल निगमले पुनः पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर १ सय १८ पुगेको छ भने डिजेल, मट्टीतेल प्रतिलिटर १ सय १ पुगेको छ ।

पेट्रोल, डिजेल तथा मट्टीतेलमा प्रतिलिटर दुई रुपैयाँका दरले मूल्य वृद्धि भएको हो । यस्तै खान पकाउने एलपी ग्यास तथा हवाई इन्धन अन्तर्राष्ट्रियतर्फको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत नै राखिएको छ । हवाई इन्धन आन्तरिकको साविक मूल्यमा रु दुईले वृद्धि हुँदा प्रतिलिटर रु ७४ पुगेको छ ।

मूल्य वृद्धिपछि पनि निगमलाई पेट्रोलमा नौ रुपैयाँ ३५ पैसा, डिजेलमा प्रतिलिटर पाँच रुपैयाँ ८० पैसा तथा खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर ३९२ रुपैयाँ ८२ पैसा घाटा रहेको छ । इण्डियन आयल कर्पोरेशनबाट मंगलबार प्राप्त भएको मूल्यअनुसार नै निगमले मूल्य समायोजन गरेको जनाएको छ ।

यसअघि पेट्रोल प्रतिलिटर रु ११६, डिजल र मट्टीतेल प्रतिलिटर रु ९९ मा बिक्री हुँदै आएको थियो । निगमले गत फागुन १७ मा मूल्य समायोजन गरेको थियो ।

**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**

# अतिविपन्न ५० परिवारलाई राहत सामाग्रि वितरण



**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

सप्तरीको छिन्नमस्ता गाँउपालिकाका ५० अतिविपन्न परिवारलाई बुधबार पोखराका एक सामाजिक संस्थाले राहत वितरण गरेको छ ।

लामा राइजन टुर्स एण्ड ट्रेक्स एक्पिडिसन प्रालिले छिन्नमस्ता गाँउपालिका वडा नं. ३ का १० जना पुर्ण रुपमा अपाङ्गता भएका व्यक्ति, १० देखी १८ वर्ष सम्मका १७ जना किशोरीहरु तथा २३ अति विपन्न परिवारका सदस्यहरुलाई राहत वितरण गरेको हो ।

राहत सामाग्रिमा २५ किलो चामल, १ लिटर खाने तेल, १ किलो नुन, १ किलो दाल, २ वटा साबुन, १ प्याकेट मसयौरा र एक प्याकेट सेनेटरी प्याड लगायतका राहत सामाग्रि वितरण गरिएको संस्थाका तिरिङ्ग लामा शेर्पाले जानकारी दिएका छन् ।

कोरोना महामारीको समयमा कतिपयलाई दुई छाक खान पनि समस्या हुने भएकाले हुनाले आफ्नो संस्थाले केहीलाई भए पनि राहत सामाग्रि वितरण गर्दा खुसी महसुस भएको जनाउँदै उनले राहत सामाग्रि जोहो गर्न सहयोग पुऱ्याएका सामाजिक अभियान्ता शान्ता सिंह र वडा अध्यक्ष दिपेन्द्र यादवलाई समेत धन्यवाद दिए ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको
 स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*